जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय ७ दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्षः १२, अंकः ६२ पृष्ठः ४ | २०८२ असार ०८ गते आइतबार (Sunday 22 June 2025) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## तीन स्वर्ण पदक जित्दै गोलबजार टिम तेस्रो वि.पी. मेमोरियल महिला राष्ट्रिय कराते प्रतियोगितामा प्रथम



सिरहा, ७ असार। धरानमा सम्पन्न 'तेस्रो वि.पी. मेमोरियल महिला राष्ट्रिय कराते प्रतियोगिता २०८२' मा गोलबजार नगरपालिका टिम च्याम्पियन भएको छ। धरान उपमहानगरपालिकाको संयोजकत्व तथा नेपाल सितोरियो कराते संघ धरानको आयोजनामा शनिवार सम्पन्न प्रतियोगितामा ३ स्वर्ण पदक, ४ कास्य पदक जित्दै गोलबजार टिम प्रथम भएको हो। गोलबजारको तर्फबाट पोर्सिया चौधरी थारु, बिनिशा गुरुङ र मोनालिका कुमारीले स्वर्ण पदक हात पारेको आयोजकले जनाएको छ। त्यसैगरी, परिना शाही ठकुरी, सोनियाँ बानियाँ, सपना पासवान र रबिना परियारले कास्य पदक जितेका थिए। प्रतियागितामा आयोजक धरान उपमहानगरपालिका दोस्रो भएको छ। २ स्वर्ण, ४ रजत पदक हातपादै धरान दोस्रो भएको आयोजकले जनाएको छ। एक स्वर्ण पदक र २ रजत पदक हात पार्दै धनकुटा टिम तेस्रो भएको छ। गोलबजारका पदक बिजेता सम्पूर्ण खेलाडीहरुलाई कोच कसमलामाले बधाई दिएका छन्।

## गोलबजारका शिक्षाविद् रामशरण यादव



सिरहा, ७ असार। सिरहाको गोलबजार नगरका पूर्वशिक्षक तथा समाजसेवी रामशरण यादवले नगरको शैक्षिक र नैतिक जग निर्माणमा पुऱ्याएको योगदान अझै पनि स्मरणीय छ। सरकारी सेवाबाट अवकाश लिएपछि आफ्नै गाउँ फर्केर शिक्षा र संस्कारको दीप बाल्ने यादव आज उपेक्षाको पीडामा **–बाँकी दुई पेजमा**

## चितवनमा गाडी दुर्घटना : ७ जनाको ज्यान गयो, १८ जना घाइते

काठमाडौं, ७ असार। पूर्व–पश्चिम राजमार्गअन्तर्गत चितवनको राप्ती नगरपालिकाको खहरे पुलमा बिहान गाडी दुर्घटना हुँदा सात जनाको ज्यान गएको छ। अरू १८ जना घाइते भएका छन्। धनगढीबाट काँकडभिट्टाका लागि छुटेको यात्रुवाहक बस र मकवानपुरबाट नारायणगढका लागि छुटेको माइक्रो बस एक आपसमा ठोक्किएका चितवनका प्रहरी प्रमुख एसपी गोविन्द पुरीले जानकारी दिए।

घाइतेको चितवन मेडिकल **–बाँकी अन्तिम पेजमा**




## सिरहाको सामुदायिक विद्यालयमा पहिलो पटक 'विज्ञान तथा कला प्रदर्शनी' सम्पन्न



**धर्मेन्द्र पासवान**

लहान, ७ असार। नेपाली माध्यममा अध्ययनरत विद्यार्थीहरूको अन्तर्निहित प्रतिभा प्रष्फुटन विज्ञान, प्रविधिमा पहुँच विकासका लागि शुक्रबार सिरहाको लहान नगरपालिका–१२ स्थित माध्यमिक विद्यालय पडरियामा 'विज्ञान तथा कला प्रदर्शनी' सम्पन्न भएको छ। सम्भवतः सिरहाको कुनै सामुदायिक विद्यालयले पहिलो पटक आफ्नो सिर्जनात्मकता, वैज्ञानिक सोच र अनुसन्धान क्षमताको उत्कृष्ट प्रदर्शन गरेका थिए। प्रदर्शनीमा विद्यालयका २२ वटा फरक–फरक विधाका आविष्कार लिएर विद्यार्थीहरूले सहभागीता जनाएका थिए। विद्यार्थीहरूले, सोलार सिस्टम, पानी **–बाँकी अन्तिम पेजमा**

## बाढी र पहिरोबाट जोगिऔं

- बाढी र पहिरोबाट हुने जोखिमबाट सतर्क बनौः
- सञ्चार माध्यमबाट मौसमको जानकारी प्राप्त गर्ने गरौं,
- बाढी वा पहिरोको उच्च जोखिम भएको क्षेत्रमा होसियारी अपनाऔं,
- आपतकालीन झोला (औषधि, टर्चलाइट, खानेकुरा र लुगाफाटा) तयार राखौं,
- बालबालिका, वृद्धवृद्धा र अपाङ्गता भएका व्यक्तिहरूलाई विशेष ध्यान दिऔं,
- बाढी पहिरो आएमा सुरक्षित स्थानतर्फ जाऔं,
- बिजुलीका लाइन वा पोलबाट टाढा बसौं,
- बाढीको समयमा खोलानाला पार गर्दा सतर्कता अपनाऔं,
- अफवाह नफैलाऔं, सत्य सूचना मात्र आदान–प्रदान गरौं,
- घाइते वा जोखिममा परेका व्यक्तिको उद्धारमा सहयोग गरौं।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# सम्पादकीय

## समाजको सम्मान र राज्यको पुरस्कारका पात्र

आफ्नो ज्यानको बाजी लगाएर अरूको जीवन बचाउनेहरू साँच्चैको सम्मान र सराहनाका पात्र हुन्। पूर्व–पश्चिम राजमार्गको बुटवल–नारायणगढ खण्डमा पर्ने विनयी खोलामा आएको बाढीले बगाएको बसका यात्रुहरूलाई सकुशल उद्धार गर्ने सशस्त्र प्रहरी बलको उद्धार टोली यस्तै प्रशंसा र पुरस्कारका पात्र भएका छन्। काठमाडौंबाट नेपालगन्ज गएको रात्री बसलाई विनयी खोला तर्न खोज्दा बिहीवार राति बाढीले बगायो। बाढी आउँदाआउँदै चालकले डाइभर्सनबाट पार गर्न खोज्दा फसेको बसमा ३ शिशुसहित ३८ यात्रुसवार थिए। सशस्त्रको टोलीले यात्रुहरूलाई उद्धार गरेको १० मिनेटपछि खोलाले बस पल्टाएर बगायो।

अर्थात्, सशस्त्र प्रहरी बलको उद्धार टोलीले अकल्पनीय क्षति हुनबाट जोगाए। हुनत, ती सुरक्षाकर्मीले आफ्नो कर्तव्य पालन गरेकामात्रै हुन् पनि भन्न सकिएला तर तिनले केही समयमात्रै पनि ढिलो गरेका भए के हुन्थ्यो होला भन्ने कल्पनामात्रले पनि सिरिङ्ग हुन्छ।गत वर्ष चितवनको सिमलतालमा र धादिङको भ्याप्ले खोलामा भएका दुर्घटनाको स्मरण गर्ने हो भने विनयी खोलामा भएको उद्धार कार्यको महत्त्व राम्ररी बुझिन्छ। सम्बन्धित प्रहरी प्रशासनको हेलचेक्र्याइँसमेत कारण चितवन र धादिङको दुर्घटनामा अकल्पनीय क्षति भएको थियो।

यसैले पनि विनयी खोलाका उद्धारकर्मीहरूको कर्तव्यपरायणता उदाहरणीय बनेको हो। राम्रो काम गर्दा समाज र राज्यले स्याबासी दिए कर्तव्यप्रतिको समर्पण बढ्छ भने अरूलाई पनि प्रेरणा हुन्छ। यसर्थ, नागरिकको जनधन जोगाउन आफूलाई जोखिममा होम्ने सुरक्षाकर्मीहरूको सराहना गर्न हिचकिचाउन हुँदैन। उद्धार गरिएका यात्रुहरूले त ती बहादुर उद्धारकर्मीहरूको गुन बाँचुन्जेल बिर्सँदैनन् होला। बिर्सनु पनि हुँदैन। राज्य र समाजले पनि तिनको उचित सम्मान र सराहना गर्न बिर्सनु हुँदैन। साथै, सरकारले गत वर्षका त्रुटिहरू नदोहोरिउन् भन्नेमा ध्यान दिनु उचित हुनेछ।

ढिलो भए पनि गन्तव्यसम्म सुरक्षित पुगेमात्र यात्रा सफल हुन्छ। बर्खाको याममा नेपालका सडकहरूमा बाढी र पहिरोको जोखिम बढी नै हुने हुनाले यात्रुको सुरक्षाका लागि विशेष व्यवस्था गर्न विनयी खोला दुर्घटनाले हेक्का दिलाएको छ। सरकारले तत्काल ध्यान देओस्। बर्खाका कारण बाढी पहिरोको प्रकोपको जोखिम रहुन्जेल राति जोखिमपूर्ण खण्डहरूमा सवारी सञ्चालन गर्न निषेध गर्नेदेखि सडकको अवस्थाको नियमित जाँच अभ्यास पनि सुरु गरिनु उचित हुनेछ। सामान्य सावधानीले ठूला दुर्घटना टार्न सकिन्छ भने किन हेलचेक्र्याइँ गर्ने ?

विनयी खोला दुर्घटनामा साहस र वीरता देखाएर बाढीमा फसेका बसका यात्रुहरूको सकुशल उद्धार गर्ने सशस्त्र प्रहरी बलका सुरक्षाकर्मीलाई सलाम ! यस्ता सपुतहरू पनि देशमा छन् र त राष्ट्र सुरक्षित रहेको छ।

### *गोलबजारका...*

जीवन बिताइरहेका छन्। वि.सं. २०५३ मा स्व. पुष्पलाल पाख्रिनसँग मिलेर सिर्जना स्कुल स्थापना गर्नुभएका यादवले पछि JVM स्कुलमा २०५५–२०६७ सम्म अध्यापन गरिरहनुभयो। त्यसपछि उहाँ केही समय जेएस मुरारका क्याम्पस, लहानमा अंग्रेजी शिक्षकका रूपमा आबद्ध हुनुभयो। तर क्याम्पसको आन्तरिक राजनीतिक असहजताले उहाँ अध्यापनबाट अलग हुनुभयो र बाँकी जीवन अध्यात्ममा समर्पित गर्नुभयो।

उहाँका शिष्यहरू देश–विदेशमा चिकित्सक, इन्जिनियर, पत्रकार, व्यापारी, शिक्षक, सरकारी अधिकारी हुँदै नेतासम्म बनेका छन्। तर ती सबै शिष्यहरू जीवनको शिखरमा पुग्दा, यादव भने एक्लै छाता बोकेर गोलबजारका सडकमा देखिनु दुःखद दृश्य बनेको छ। स्थानीय बुद्धिजीवीहरू भन्छन्, समाजले अब उहाँलाई 'अब के दिन्छन?भनेर हेर्ने होइन, उहाँले दिएको योगदानलाई कदर गर्नुपर्छ। गोलबजार नगरपालिकालाई आग्रह गरिएको छ कि उहाँ जस्ता मौन साधक, शिक्षा अभियन्ता र समाजसेवीलाई 'नगर गौरव अवार्ड' वा 'प्रेरणा पुरस्कार' जस्ता सम्मान प्रदान गरियोस्। समाजका गहना जस्ता व्यक्तित्वको सम्मान समयमै गर्नु नगरको पनि जिम्मेवारी हो,भन्दै सामाजिक संजालमा बहस चुलिदै गएको छ। अब हेर्न बाकी छ ,नगरपालिकाले यस्ता गाहनाहरुलाइ सम्मान सहित जोगाउछ ने छ कि।

### *चितवनमा गाडी...*

कलेज, पुरानो मेडकल कलेज र भरतपुर अस्पतालमा उपचार भइरहेको प्रहरीले जनाएको छ। ज्यान गुमाउनेमा मकवानपुर हटिया–३ का ५५ वर्षीय सोम प्रसाद रुपाखेती, हेटौंडा–५ की ५३ वर्षीया मैया कुमारी न्यौपाने पहाडी, नामथर खुल्न नसकेकी अन्दाजी १८/१९ र २४/२५ वर्षीया दुई महिला, २२/२३ वर्षीय पुरुष, ३०/३५ वर्षीया गर्भवती र ३५/४० वर्षीय पुरुष रहेका छन्।

# राजनीतिमा मधेशका महिला

**लक्ष्मी चौधरी**

राजनीतिक आन्दोलनमा महिला सहभागिताको इतिहास खोतल्ने हो भने शताब्दी नाघिसकेको छ। दिव्या कोइरालाले १९७४ सालमा महिला समिति गठन गरी महिला अधिकार र राणा शासनविरुद्ध संगठित रूपमा पहिलो पटक आवाज उठाउनुभएको थियो। १९९७ सालमा योगमायाले धर्मराज्य माग गर्दै जलसमाधि लिएर विद्रोहको सशक्त राँको बाल्नुभएको थियो। विराटनगर जुट मिलमा २००३ सालमा भएको मजदुर आन्दोलनमा दिव्या कोइराला, नलिनी उपाध्याय, इन्दिरा आचार्य, कामिनी गिरीले सशक्त सहभागिता जनाएर महिला शक्तिको परिचय दिनुभएको थियो। २००४ सालमा मंगलादेवी सिंहको अध्यक्षतामा नेपाल महिला संघ गठन भएपछि राजनीतिमा महिला सहभागिता अझ सशक्त भएको पाइन्छ।

राजनीतिक संघर्ष र आन्दोलनमा मधेशका महिलाको भूमिकालाई कम आँक्न मिल्दैन। २००७ सालको सशस्त्र संघर्षपछि राजा, राणा र कांग्रेसबिच भएको त्रिपक्षीय दिल्ली सम्झौताको विरुद्धमा डा. केआई सिंहले संघर्ष जारी राखेका थिए। सो संघर्षमा मधेशी महिला कौलापति देवीले नेतृत्वदायी भूमिका निर्वाह गरेको पाइन्छ।

विसं २०४६ सालको आन्दोलनमा फागुन ९ गते धनुषाको यदुकुहामा प्रहरीले हत्याकाण्ड मच्चाएको थियो। सो घटनामा प्रहरीको गोली लागी जानकीदेवी यादव, भुवनेश्वरीदेवी यादव, सोनावतीदेवी यादवको हत्या भएको थियो। नेपालको राजनीतिक इतिहासमा तीन मधेशी महिलालाई नेपालकै प्रथम महिला सहिद मानिन्छ। त्यसो त २०४६ को आन्दोलनमा मधेशका सडकमा चारतारे झन्डा बोकेर प्रजातन्त्र माग्नेमा धनुषा बलहा कठालका सरस्वती चौधरी पनि एक हुनुहुन्थ्यो। विद्यार्थीकालदेखि नै राजनीतिमा सक्रिय चौधरी नेपाली कांग्रेसबाट पहिलो संविधान सभा सदस्य र मधेश प्रदेश सभाको सदस्य हुनुभएको थियो।

नेपाल म्यागजिनमा 'मधेशी महिलाको आन्दोलन' लेख (२०७६) मा रिता शाह लेख्नुहुन्छ, "दस वर्षे माओवादी युद्धका बेला पनि असंख्य मधेसी महिला आन्दोलनमा होमिएका थिए। दलित र थारू महिलाको बढी सहभागिता थियो। २०६३ को मधेश आन्दोलनमा मधेसी महिलाको सक्रिय सहभागिता रह्यो। पछिल्लो मधेश आन्दोलन (२०७२) मा छ जना मधेसी महिला सहिद भए। सयौँ महिला घाइते भए। दर्जनौँ जेलमा गए। यसअघिका कुनै पनि आन्दोलनमा यति धेरै मधेसी महिलाको सशक्त भूमिका देखिएको थिएन।"

शाह लेख्नुहुन्छ, "मधेश आन्दोलनले पनि हेपिएका, थिचिएका महिलालाई लड्न सिकायो। २०७२ को आन्दोलनले मधेसी महिलालाई राजनीतिक र सामाजिक रूपले थप सचेत बनायो।" विसं २०६३ को मधेश आन्दोलनमा 'घुम्टो' फालेर मधेशका महिला पहिलो पटक सडकमा जुलुस लिएर निस्किएका थिए। गोरुगाडा र ट्र्याक्टर चढेर गाउँबाट तराईका सहरमा महिला ओइरिएका थिए। मार्टिन चौतारीको 'पहिलो पाइला : स्थानीय सरकारमा एक महिला जनप्रतिनिधिको अनुभव' पुस्तकमा सल्मा खातुनले लेख्नुभएको छ, "हात हातमा कुचो लिएर उनीहरू आन्दोलनको केन्द्रस्थल पर्सा जिल्लाको वीरगन्जस्थित मितेरी पुलमा उभिएको दृश्य लोभलाग्दो देखिन्थ्यो। त्यस्तै दृश्य मधेशका अन्य जिल्लामा पनि देखिँदै जान थाल्यो।"

राजनीतिक दलको केन्द्रीय नेतृत्वमा निर्वाचनबाटै आफूलाई स्थापित गर्ने महिला मधेशकै हुन्। नेपाली कांग्रेसको १३ औँ महाधिवेशनबाट केन्द्रीय कोषाध्यक्षमा सीतादेवी यादव विजयी हुनुभएको थियो। जब कि उहाँको प्रतिस्पर्धामा चित्रलेखा यादव हुनुहुन्थ्यो।

**दानादेवी भूमिहार्नी**

दानादेवी भूमिहार्नी नेपाली राजनीतिक इतिहासमा एक संघर्षशील महिला नेतृका रूपमा स्थापित हुनुहुन्छ। २००८ सालमा महोत्तरीमा जन्मिएकी भूमिहार्नीले २०१७ सालमा गणेश नेपालीसँग विवाह गरेपछि राजनीतिक यात्रा सुरु गर्नुभएको हो। २०२५ सालदेखि नेपाली कांग्रेसमा सक्रिय भई दानादेवीले १६ वर्ष जिल्ला कमिटीमा रहेर राजनीतिक योगदान दिनुभयो। १२ वर्ष भारत प्रवासमा बिताएपछि २०३५ सालमा नेपाल फर्केर पुनः पार्टीका कार्यक्रममा संलग्न हुनुभयो। सत्याग्रहमा भाग लिएर जेल यात्रा गरेकी भूमिहार्नीले धनुषा र महोत्तरीमा कांग्रेस गतिविधि विस्तार गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्नुभएको थियो।

विसं २०४६ को जनआन्दोलनमा तराईका सडकमा उहाँले जुलुसको नेतृत्व गर्नुभएको थियो। बहुदलीय व्यवस्था पुनर्स्थापनापछि रिहा भएसँगै भूमिहार्नीले लोकतन्त्र संस्थागत गर्न निरन्तर संघर्ष गरिरहनुभयो। मधेशमा महिलालाई सामाजिक तथा राजनीतिक रूपमा सशक्त बनाउने अभियानमा समेत उहाँले नेतृत्वदायी भूमिका निर्वाह गर्नुभयो।

उहाँ भन्नुहुन्छ, "महोत्तरीमा अशिक्षितलाई साक्षर बनाउने अभियान अन्तर्गत रात्रि पाठशाला सञ्चालन गर्‍यौँ, जहाँ मेरा श्रीमान्ले पुरुष र मैलै महिलालाई साक्षर बनाउने भूमिका निर्वाह गरेका थियौँ।" श्रीमान् गणेश नेपालीलाई पञ्चायती सरकारले तीन महिना डुम्रा जेलमा राख्दा उहाँ सन्तानसँग भारतमै बस्नुभएको थियो। उहाँ भन्नुहुन्छ, "राजाले सुट वारेन्ट जारी गरेपछि बिपी बाबुको आग्रहमा घरबार छोडेर प्रजातान्त्रिक संघर्षको यात्रामा होमिनु पर्‍यो।"

संघर्षको उतारचढावबिच भूमिहार्नीले पार्टीका लागि आफ्नो जीवन समर्पण गर्नुभयो। प्रजातन्त्र पुनर्स्थापना भइसकेपछि कर्मठ कार्यकर्ताको उचित मूल्यांकन नहुँदा भने उहाँले निराशा व्यक्त गर्नुभयो। कांग्रेसले आफ्नो योगदानको मूल्यांकन नगरे पनि विचारबाट विचलित भएको भनाइ उहाँको छ। भूमिहार्नीले राजनीतिमा लाग्न थुप्रै महिलालाई प्रेरित गर्नुभएको थियो। सिम्रौकी काशी देवी, चौरियाकी सरस्वती देवी, शारदा मल्ल, लक्ष्मी भण्डारी, सर्लाहीकी मञ्जु कोइराला, महोत्तरी गौशालाकी मिश्री भण्डारी र सीतादेवी यादव जस्ता महिला नेतृ उहाँको संघर्षबाट प्रभावित हुनुभएको थियो।

**चित्रलेखा यादव**

नेपाली राजनीतिमा शक्तिशाली महिलाका रूपमा चित्रलेखा यादवले आफूलाई स्थापित गरिसक्नुभएको छ। उपसभामुख, नेपाली कांग्रेसको संसदीय दलको प्रमुख सचेतक, मन्त्रीका रूपमा योगदान दिएकी यादव २०६२/६३ को जनआन्दोलनमा अग्रमोर्चामा रहेर लोकतन्त्रका लागि लड्नुभएको थियो। उहाँले विघटित प्रतिनिधि सभाको बैठक सडकमै सञ्चालन गर्नुभएको थियो। त्यो बेला उहाँ उपसभामुख हुनुहुन्थ्यो। अहिले उहाँ अस्ट्रेलियाको राजदूत हुनुहुन्छ।

विद्यार्थी जीवनदेखि नै राजनीतिमा लाग्नुभएकी चित्रलेखाको पहिलो असफलताले नै सफलताको सिँढी निर्माण गरेको हो। पार्टीभित्रको अन्तर्घातले सफलताको खाता खोल्दै गएको हो। सिराहा जिल्लाको साबिक नवराजपुर गाविसस्थित नहरनियाँ गाउँमा जन्मिनुभएकी यादवलाई पढाइप्रतिको लगनशीलताले काठमाडौँसम्म डोर्‍यायो। पढाइसँगै राजनीतिमा सक्रिय यादव नेपाल विद्यार्थी सङ्गठनको कोषाध्यक्ष पदमा निर्वाचित हुनुभयो। त्यति बेलै २०४६ सालको जनआन्दोलमा होमिनुपर्ने अवस्था आयो।

चार दशकअघि राजनीतिमा महिला सहभागिता एकदमै न्यून थियो, त्यसमा पनि मधेशका महिला। २०५६ सालमा सांसद पदमा विजयी यादवलाई पार्टीले उपसभामुखको जिम्मेवारी दियो।

**बढ्यो महिला प्रतिनिधित्व**

विसं २०४६ को जनआन्दोलनपछि गजेन्द्रनारायण सिंह नेतृत्वको मधेशकेन्द्रित राजनीतिलाई अघि सार्दै नेपाल सद्भावना पार्टी पनि अस्तित्वमा आयो। त्यसपछि संघीयताको मागसहित मधेशकेन्द्रित शान्तिपूर्ण राजनीतिक संघर्षबाट पनि मधेशी महिलालाई राजनीतिमा अवसरको ढोका फराकिलो भएको पाइन्छ। त्यसबेलाका महिला राजनीतिकर्मीमा रेणुकुमारी यादव, सरिता गिरी, मञ्जु अन्सारी ( स्वर्गवास) आदि चर्चित हुनुहुन्थ्यो।

यता २०६२/६३ को जनआन्दोलनको सफलतापछि जारी अन्तरिम संविधानले महिलालाई थप अवसरका बाटाहरू खोलेको थियो। पछि २०७२ सालमा नेपालको संविधान जारी भएपछि राजनीतिमा महिलाको यात्रा थप सुनिश्चित बन्यो। यसका कारण राजनीतिमा महिला सहभागिता बढेको देखिन्छ। संघीय लोकतान्त्रिक गणतन्त्रात्मक यस संविधानले तीन तहको सरकार गठनको व्यवस्था गरेको छ। तीन वटै तहका सरकारमा सक्रिय सहभागिताका लागि महिला प्रतिनिधित्वको आरक्षण गरिएको छ। प्रतिनिधित्वको आरक्षणले प्रत्यक्ष निर्वाचित र सामानुपातिक कोटामा महिला सहभागिता बढाएको छ।

विसं २०६३ साल माघ २ गते मधेशी जनअधिकार फोरमले मधेशकेन्द्रित आन्दोलन सुरु गरेको थियो। २१ दिनसम्म चलेको सो आन्दोलनमा पहिलाका महिला नेतृहरू राजनीतिमा थप निखारिन पुगे। यसैको एक उदाहरण हुनुहुन्छ, महोत्तरीकी सुरिता साह। पहिलो संविधान सभा सदस्य उहाँ सूचना तथा सञ्चार राज्यमन्त्री पनि हुनुभयो। मधेश प्रदेश सभा सदस्य र मन्त्रीका रूपमा जिम्मेवारी निर्वाह गरेकी सुरिता भन्नुहुन्छ, "राजनीतिमा महिला सहभागिता बढेको छ। पहिला महिला राजनीतिमा त्यति आउँदैनथे तर अहिले परिवारले पनि साथसहयोग गरिरहेको अवस्थामा महिलाले अझ बढी अवसर पाएका छन्।"

प्रदेश सभा सदस्यको दोस्रो पटकको निर्वाचनमा पार्टीले उहाँलाई टिकट नदिएपछि स्वतन्त्र उम्मेदवारी दिएर निर्वाचित हुनुभयो। साह भन्नुहुन्छ, "मैले आँट गरेँ, मलाई जनताले विश्वास गरेका थिए। त्यसकारण निर्वाचित भएँ।" अधिकारका आन्दोलनले धेरै महिला राजनीतिकर्मी जन्मायो, महिलालाई राजनीतिमा आउन प्रेरित गर्‍यो र अवसर पनि दियो। रेणु यादव, सरिता गिरी, सुरिता साह, रानीकुमारी तिवारी, चन्दा चौधरी, सलमा खातुन, करिमा बेगमलगायतका महिला नेतृको थप सक्रियतासँगै उनीहरूले राजनीतिमा नेतृत्वको अवसर पनि पाए।

विसं २०३६ को आन्दोलनमा सहभागी मधेश प्रदेश सभा सदस्य पलटीदेवी महराले सुँडेनीदेखि प्रदेश सभा सदस्यसम्मको यात्रा तय गर्नुभएको छ। उहाँ २०७९ को प्रदेश सभा निर्वाचनमा नेकपा (एमाले) बाट समानुपातिक सदस्यका रूपमा दलित कोटाबाट प्रदेश सभा सदस्य हुनुभएको हो। पलटीदेवी मधेशमा दलितको भोगाइ स्मरण गर्नुहुन्छ, "दलित समुदायका मान्छेले चप्पल लगाउन पाउँदैनथे तर मैले सानैमा चप्पल लगाएँ। चप्पल लगाउँदा अन्य समुदायले किन चप्पल लगाएको भनेर हेप्थे।"

उहाँको विवाह नेपाल सरकारको जागिरे केटासँग भयो। विवाहपछि सासूले गर्दै आएको सुँडेनीको काममा पलटीदेवीले सघाउन थाल्नुभयो। उहाँले दलित अधिकारका लागि फेमिनिस्ट दलित अर्गनाइजेसन ( फेडो) मा रहेर सामाजिक काम गर्नुभयो। २०५२ सालको स्थानीय निकायको निर्वाचनमा जनकपुर नगरपालिकामा वडा सदस्यमा भारी मतले विजयी हुनुभयो। उहाँ भन्नुहुन्छ, "सांसद बनेर दलित समाजका लागि केही गर्ने सोच थियो, त्यो पूरा भएको छ। दलित समाजको आवाज प्रदेश सभामा उठाउन सक्ने ठाउँमा पुगेकी छु।"

मुलुक संघीयतामा गएपछि महिलाका लागि राजनीति सहज बनेको उदाहरण हुनुहुन्छ, जनमत पार्टीबाट मधेश प्रदेशकी सदस्य अनिताकुमारी साह। प्रदेश सभा सदस्य साहको पारिवारिक पृष्ठभूमि राजनीति भएका कारण उहाँलाई यस क्षेत्रमा लाग्न त्यति गाह्रो भएन। परम्परागत रूपमा पुरुषप्रधान भए पनि पारिवारिक प्रभाव र समर्थनले धेरै महिलालाई राजनीतिमा प्रवेश गर्न मद्दत गरेको बुझाइ उहाँको छ।

साह जस्तै अन्य महिलाले पनि परिवारकै प्रेरणा वा राजनीतिक योगदानका आधारमा आफ्नो स्थान

**–बाँकी तीन पेजमा**

## राजनीतिमा ...

बनाउँदै आएका छन्। यसको अर्को उदाहरण सप्तरीकी नीलमकुमारी रजक हुनुहुन्छ। उहाँ नेपाली कांग्रेसबाट दलित महिला कोटामा सांसद हुनुभएको हो। मधेश प्रदेश सभाका सात समितिमध्ये चार वटा समितिका सभापतिको जिम्मेवारी महिलाले नै वहन गर्दै आएका छन्न जसमा अर्थ तथा योजना समितिका सभापति अनिताकुमारी शाह, प्राकृतिक स्रोत तथा वातावरण समितिका सभापति शारदा दास ( पहाडी), महिला बालबालिका तथा सामाजिक न्याय समितिका सभापति रूपाकुमारी यादव र सार्वजनिक लेखा समितिमा मञ्जुकुमारी थापामगर हुनुहुन्छ।

**प्रदेश सभामा महिला सहभागिता**

मधेश प्रदेश सभाको दोस्रो कार्यकालमा १० राजनीतिक दलको प्रतिनिधित्व भएको छ। सभामा नेकपा (एमाले), नेपाली कांग्रेस, जनता समाजवादी पार्टी नेपाल, लोकतान्त्रिक समाजवादी पार्टी, नेकपा (एस), जनमत, नेकपा ( माओवादी केन्द्र), नेपाल संघीय समाजवादी, नागरिक उन्मुक्ति पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टी छन्। पार्टीगत महिला सहभागिता हेर्दा मधेश प्रदेश सभामा सबैभन्दा बढी सिट नेकपा ( एमाले) ले हासिल गरेको छ। कुल २५ सिटमा प्रत्यक्षतर्फको १७ सिटमा १६ पुरुष र एक महिला तथा आठ समानुपातिक सिटमा एक पुरुष र सात महिला छन्।

यस्तै नेपाली कांग्रेसका कुल २२ प्रदेश सांसदमध्ये प्रत्यक्षमा जितेका १३ जना सबै पुरुष छन्। समानुपातिकतर्फ नौमध्ये एक पुरुष र आठ महिला छन्। यसै गरी जनता समाजवादी पार्टी नेपालको १९ सिटमा प्रत्यक्षतर्फ १२ मा एक महिला र समानुपातिकतर्फ सात जनामध्ये छ महिला र एक पुरुष छन्। यसै गरी जनमतको कुल १३ मा प्रत्यक्षतर्फ छ पुरुष मात्र छन् र समानुपातिकमा सात जनामध्ये दुई पुरुष र पाँच महिला छन्। यस्तै लोकतान्त्रिक समाजवादी पार्टीमा कुल नौ प्रदेश सभा सदस्यमध्ये प्रत्यक्षमा छ पुरुष, एक महिला र समानुपातिकतर्फ दुईमा दुई महिला मात्र छन्।

यस्तै नेकपा (माओवादी केन्द्र) को कुल नौमा प्रत्यक्षतर्फ पाँच पुरुष मात्र छन् र समानुपातिकतर्फ चारमध्ये तीन महिला र एक पुरुष छन्। नेकपा (एस) को कुल सातमा प्रत्यक्षतर्फ चारमध्ये तीन पुरुष, एक महिला र समानुपातिकतर्फ तीनमध्ये एक पुरुष र दुई महिला छन्। यसै गरी नेपाल संघीय समाजवादी, नागरिक उन्मुक्ति पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टीबाट एक/एक जना समानुपातिक महिला मात्र छन्।

मधेश प्रदेश सभाको दोस्रो कार्यकालमा प्रत्यक्ष र समानुपातिक गरी १०७ जना सदस्यमा महिला सांसदको संख्या ४० रहेको छ। यो कुल संख्याको ३७.३८ प्रतिशत हुन आउँछ। ४० महिला सांसद हुँदा पनि प्रदेश सरकारमा महिला मन्त्रीको संख्या एक मात्र छ। यो कुल संख्याको ०.०९ प्रतिशत हुन आउँछ। प्रदेशमा मुख्यमन्त्री कार्यालयसहित १२ वटा मन्त्रालय छन्। एक मुख्यमन्त्री र १० मन्त्री सबै पुरुष छन्। यसरी हेर्दा महिलालाई अझै पनि राजनीतिको निर्णायक तहमा पुग्न वा पुऱ्याउन पुरुषकै भर पर्नु परेको देखिन्छ। अर्थात् निर्णायक तहमा पुरुषकै बोलवाला बढी भएको प्रस्ट छ। महिला निर्णायक तहमा नहुँदा तिनले जिम्मेवारी वहन गर्ने अवसर पनि न्यून रूपमा पाइरहेका हुन्छन्।

मधेशका महिला परम्परागत रूपमा घरेलु जिम्मेवारीमा सीमित थिए। आरक्षणले उनीहरूको सहभागिता सामाजिक तथा राजनीतिक क्षेत्रमा बढेको छ। नेपालको संविधानले ३३ प्रतिशत महिला सहभागिता सुनिश्चित गरेको छ। यसका कारण मधेश प्रदेश सभामा पनि ३३ प्रतिशत सहभागिता छ। स्थानीय तहमा वडा सदस्य, उपप्रमुख जस्ता पदमा महिला उपस्थिति छ तर उनीहरूको भूमिका अझै सीमित छ। मधेश प्रदेश सभामा महिलाको संख्यात्मक सहभागिता रहे पनि नीतिगत तह र निर्णायक भूमिकामा उनीहरूको सहभागिता भने न्यून छ।

महिलाले राजनीतिमा लाग्दा धेरै चुनौती सामना गर्नु पर्छ। पारिवारिक समर्थनको अभाव, आर्थिक असक्षमता, सम्पत्तिमा अधिकार र लैङ्गिक भेदभावले उनीहरूको राजनीतिक यात्रालाई थप कठिन बनाएको छ। यसले गर्दा हाम्रो समाजमा महिला 'घरभित्रको भूमिकामा सीमित रहनु पर्छ' भन्ने सोच अझै पनि बलियो देखिन्छ। पार्टीभित्रकै खिचातानीका कारण सक्रिय राजनीतिबाट बाहिरिनु परेको अनुभव सप्तरीको शम्भुनाथ नगरपालिकाका सरस्वती चौधरीको छ। उहाँ भन्नुहुन्छ, "हामी अधिकारका लागि लडेर आएका थियौँन्न पावर, पैसा, लबिङको कुनै खाँचो थिएन। अब भने पार्टीमा स्थान बनाउन पैसा, पावर, संरक्षण, आशीर्वाद चाहिन्छ। महिलालाई राजनीतिमा आउन सही प्रशिक्षणको खाँचो छन्न जसले महिलाको मनोबल र क्षमता विकास गर्ने छ।"

महिलाको राजनीतिक अनुभवले उनीहरूलाई दृढ र सक्षम बनाएको छ। यसबाट आगामी दिनमा अझ धेरै महिलालाई राजनीतिमा आउने प्रेरणा दिने छ। चुनौतीका बिच राजनीतिक क्षेत्रमा सफल भएर लाग्ने मधेशका महिला भावी पुस्ताका लागि प्रेरणास्रोत हुन्। उनीहरूले आफूलाई स्थापित गर्दै लैङ्गिक समानताका लागि भूमिका खेलिरहेका छन्। महिलाको संघर्षलाई सम्मान गर्दै, पार्टीभित्रको संरचना सुधार र लैङ्गिक समानताका लागि प्रतिबद्धता जरुरी छ। यसले गर्दा महिलाले समाज परिवर्तनमा अझ प्रभावकारी भूमिका खेल्ने छन्। राजनीतिमा महिलाका योगदानको सम्मान गर्दै उनीहरूका संघर्ष र सफलताबारे अझ धेरै चर्चा हुनु आवश्यक छ। मधेशको राजनीतिमा महिला सहभागिता संख्यामा मात्र सीमित नभई नेतृत्व तहसम्म जरुरी छ। समाज र राजनीतिक प्रणालीले महिलालाई सम्मानजनक स्थान दिए मात्र समावेशी र न्यायपूर्ण राजनीति सम्भव हुने छ।

महिला योग्य, सक्षम र अनुभवी छन्न अवसरको मात्र कमी छ। अवसर पाए महिलाले सफल नेतृत्वको भूमिका निर्वाह गरेका कैयौँ उदाहरण छन्। स्थानीय सरकारको

# ठगी आरोपमा गाउँपालिकाका पूर्वअध्यक्ष र नापीका कर्मचारीविरुद्ध पक्राउ पुर्जी

रौतहट, ७ असार। ठगी आरोपमा रौतहटको दुर्गाभगवती गाउँपालिकाका पूर्वअध्यक्ष अरुण साहविरुद्ध पक्राउ पुर्जी जारी भएको छ। उजुरी परेपछि उनीविरुद्ध रौतहटको गरुडास्थित इलाका प्रहरी कार्यालयले जिल्ला अदालत रौतहटबाट पक्राउ अनुमति लिएको हो। ठगी आरोपमै प्रहरीले काठमाडौंस्थित नापी कार्यालय डिल्लीबजार अन्तर्गतको टोखा टोली प्रमुख सञ्जय साह, काठमाडौं नागार्जुन–४ का विमलादेवी श्रेष्ठ र छोरा धिरज श्रेष्ठविरुद्ध पनि अदालतबाट पक्राउ पुर्जी लिइएको ईलाका प्रहरी गरुडाका डीएसपी राजन कार्कीले बताए।

गरुडा नगरपालिका–६ पोठियाहीका सन्तोषकुमार चौधरीले जग्गासम्बन्धी कारोबारमा रकम ठगी गरेको आरोपमा उनीहरुविरुद्ध प्रहरीमा जाहेरी दिएका थिए। 'जग्गा बैना गरेर खरिद, बिक्रीमा टोखा नापी प्रमुख साह सहितका मानिसहरु जोडिएका छन्,' डीएसपी कार्कीले भने,'पीडित सन्तोषले जग्गा खरिद गर्न १ करोड १० लाख पैसा जम्मा गरेको देखिन्छ। जग्गा खरिद बिक्रीमा बदनियत देखिएकाले ठगीमा अनुसन्धान अघि बढाएका छौं।' टोखा नापी प्रमुख साहलाई पक्रन गरुडा प्रहरीले काठमाडौ प्रहरी परिसरलाई पत्र पठाएको छ। नापीका प्रमुख साह असार १५ गतेसम्म बिदामा बसेको नापी कार्यालय डिल्लीबजारका निमित्त प्रमुख प्रकाश ओलीले जानकारी दिए। 'टोली प्रमुख साहविरुद्ध पक्राउ पुर्जी जारी भएको र साहलाई प्रहरी कार्यालय हाजिर हुन भनेर पत्र आएको छ,' उनले भने,'अहिले बिदामा रहेकोले हामीले जानकारी गराउन पाएका छैनौं। बिदा सकिएर आएपछि उहाँलाई पक्राउ पुर्जीबारे भन्छौ।'

आफू ठगिएपछि नापी अधिकृत साहबाट साँवा र ब्याज गरी १ करोड ४० लाख फिर्ता गराइदिने भन्दै दुर्गाभगवतीका पूर्वअध्यक्ष साहले १० लाख लिएको भन्दै सन्तोषले गरुडा प्रहरीमा जाहेरी दर्ता गराएपछि पूर्वअध्यक्ष साहमाथि पनि पक्राउ पुर्जी जारी भएको हो। रौतहटकै चन्द्रपुरस्थित नापी कार्यालयमा २०७८ मा प्रमुख हुँदा अकुत सम्पति कमाएको आरोप पनि उनीमाथि लागेको थियो। तर त्यसमा अनुसन्धान भएको छैन। त्यसै बेला नापी प्रमुख साह र चौधरीबीच चिनजान भएको थियो। त्यसपछि काठमाडौंको नागार्जुन–४ का विमलादेवी श्रेष्ठको सर्लाही हरिपुर नगरपालिका–७ मा रहेको कित्ता नम्बर ७७३ को ११ कट्ठा १४ धुर जमिन संयुक्त लगानीमा खरिद गर्ने सहमति भएको सन्तोषले सुनाए।

सुरुमा सन्तोषले १ करोड १० लाख बैना गरेका थिए। रजिष्ट्रेसन पास गराउन पैसा अपुग भएपछि प्रमुख साहले लगानी गरी आफ्नो नाममा जग्गा ल्याएका थिए। सन्तोषका अनुसार २ करोड मूल्यमा उक्त जमिन किनबेच भएको थियो। उक्त जमिन साहले साझेदार भनिएका चौधरीलाई थाहै नदिई ०८०/०८१ मा चार कित्ता बनाई चार जनालाई बिक्री गरे पछि ठगीको आरोपमा प्रहरीमा जाहेरी परेको हो। आफ्नो १ करोड २५ लाख खर्च भएको र जमिन आफ्नै नाममा पास गराएर प्रमुख साहले ठगेको सन्तोषको आरोप छ।

# जंगली जनावर तर्साउन जडान गरिएको विद्युतीय धरापले किसानकै ज्यान लिँदै

विजयकुमार साह

ढल्केबर, ७ असार। जंगली जनावरलाई तर्साउन खेतमा जडान गरिएका विद्युतीय धरापले किसानका लागि नै ज्यानमारा साबित हुन थालेका छन्। बिहीबार धनुषाको मिथिला नगरपालिका–१, ढल्केबरकी ५० वर्षीया मंगलीदेवी महतोको यस्तै विद्युतीय धरापमा परेरमा ज्यान गयो। स्थानीय किसान रामप्रमोद महतोले जंगली जनावरबाट आफ्नो खेतको अन्नबाली जोगाउन बिच्छ्याइएको नाङ्गो तारमा करेन्ट लागेर उहाँको मृत्यु भएको प्रहरीको भनाइ छ। सँगै टाँसिएर रहेको आफ्नो खेतमा काम गर्ने क्रममा मङ्गलीदेवी झुक्किएर नाङ्गो तार छुन पुग्नुभएको थियो।

पाँच महिना अघि पनि सोही क्षेत्रमा किसान गर्भु महतोले खेतमा जडान गरेको विद्युतीय तारमा करेन्ट लागेर २० वर्षीय मिथलेशकुमार महतोको ज्यान गएको थियो। त्यसअघि धनुषाधाम नगरपालिका–७ का २४ वर्षीय धनी यादवको पनि त्यस्तै घटनामा मृत्यु भएको थियो। पछिल्ला केही वर्षदेखि धनुषा जिल्लाको उत्तरी भेगका किसान जङ्गली जनावरले खेतको अन्नबाली नोक्सानी गर्न थालेपछि त्यसबाट बाली सुरक्षित राख्न किसानले विद्युतीय धराप बिच्छ्याउने गरेका छन्। खेतमा लगाइएका धान, मकै, गहुँ, तरकारीजस्ता मुख्य बाली खाएर नोक्सानी पुऱ्याउने गरेको स्थानीय किसानको गुनासो छ।

यस्ता जनावरको झुण्ड खेतमा पसेपछि पूरै बाली नष्ट गरिदिन्छन्। कतिपय अवस्थामा रोपेको बाली उखेलिदिने, पाकेको बाली खाइदिएर नष्ट गरिदिने गरेका छन्। स्थानीय सुरज महतोले वन्यजन्तुले दिनदिनै खेतको अन्नबाली सखाप बनाउन थालेपछि किसानले खेतको चारैतिर नाङ्गो तार तानेर त्यसमार्फत करेन्ट प्रवाह गर्ने असुरक्षित उपाय अपनाउन थालेको बताउनुभयो। यसले गर्दा अन्नबाली जोगिए पनि यो जोखिमपूर्ण उपाय किसानकै लागि घातक बन्न थालेको उल्लेख गर्दै उहाँले खेतमै काम गर्ने आफन्त, छिमेकी वा पशु समेत यसबाट घाइते वा मृत हुने घटना बढ्दै गएको जानकारी दिनुभयो।

उहाँका अनुसार सरकार तथा सम्बन्धित निकायले वैकल्पिक प्रविधि र चेतनामूलक कार्यक्रम तत्काल नल्याएसम्म यस्तो असुरक्षित उपाय किसानले अपनाइरहने छन्। ढल्केबरका अर्का स्थानीय महेश महतोले यस्ता गतिविधिमा संलग्नलाई कानुन अनुसार कडा कारबाही हुनुपर्ने बताउनुभयो। गाउँमा पटकपटक यस्तो घटना हुने गरेको बताउँदै उहाँले बाली सुरक्षाका लागि अन्य विधि अपनाउनुपर्ने जानकारी दिनुभयो।

विद्युत प्राधिकरण सखुवा महेन्द्रनगर शाखाका प्रमुख प्रविणकुमार मिश्रका अनुसार नेपालमा खेतबारी जोगाउन करेन्ट प्रवाह गरिने व्यवस्था वैधानिक नभएको बताउनुभयो। खुला रूपमा नाङ्गो तारमा करेन्ट प्रवाह गर्न पाइँदैन। त्यसरी जडान गरिएको भेटिए नियन्त्रणमा लिएर कारबाही चलाउने गरिएको उहाँले जानकारी दिनुभयो। उहाँकाअनुसार यस्तो अवस्थामा विद्युत् प्राधिकरण क्षतिपूर्तिको जिम्मेवार नहुने व्यवस्था छ।

# वीरगञ्ज नाकाबाट ११ महिनामा दुई हजार ३ सय ८५ विद्युतीय सवारीसाधन आयात

पर्सा, ७ असार। वीरगञ्ज नाका हुँदै चालु आर्थिक वर्षको ११ महिनामा एक अर्ब ८४ करोड २३ लाख मूल्य पर्ने साना–ठूला दुई हजार ३ सय ८५ विद्युतीय सवारीसाधन आयात भएका छन्। वीरगञ्ज भन्सार कार्यालयले चालु आवमा विद्युतीय सवारीसाधनको आयातबाट एक अर्ब ८४ करोड २७ लाख राजस्व संकलन गरेको जनाएको छ।

वीरगञ्ज भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक दीपक लामिछानेले चालु आवमा विद्युतीय सवारीसाधनको आयात बढेको बताए। "यो नाका हुँदै विद्युतीयभन्दा पनि इन्धनबाट चल्ने धेरै सवारीसाधन आयात हुने गर्छ," उनले भने "विद्युतीय सवारीसाधनको आयात पनि औसतमा सन्तोषजनक नै छ।"

चालु आवको ११ महिनामा ५० किलोवाट क्षमताका २७ करोड ११ लाख मूल्यका १९३ वटा विद्युतीय जीप, कार र भ्यान आयात भएका छन्। त्यस्तै गरी सोही अवधिमा ५१ किलोवाटदेखि १०० किलोवाट क्षमताका १३ करोड ४२ लाख मूल्य पर्ने ५० वटा विद्युतीय जीप, कार र भ्यान आयात भएको छ। त्यस्तै १०० एक किलोवाटदेखि २०० किलोवाट क्षमताका २४ करोड ७५ लाख मूल्यका ३६ वटा विद्युतीय जीप, कार र भ्यान आयात भएका छन्। साथै ४० करोड ७८ लाख मूल्य पर्ने एक हजार ७०० एक वटा विद्युतीय मोटरसाइकल आयात भएको छ।

# भारतमा बन्धक भएका ३५ नेपालीको उद्धार

काठमाडौं,७ असार। आकर्षक रोजगारीको प्रलोभन देखाउँदै भारतमा बन्धक बनाइएका ३५ जना नेपालीको उद्धार भएको छ। दिल्लीस्थित नेपाली राजदूतावासले भारतको उत्तराखण्डको काशिपुरमा बोलाएर बन्दी बनाइ कुटपिट र यातना दिँदै रकम असुली गरेको सूचनाका आधारमा ३५ जना नेपालीको उद्धार भएको जानकारी गराएको छ। उत्तराखण्ड प्रहर र किन इन्डिया संस्थाको सहयोगमा गत बिहीबार ३५ नेपालीको उद्धार भएको दूतावासले जनाएको छ।

उक्त घटनासँग सम्बन्धित केहि व्यक्तिलाई उत्तराखण्ड प्रहरीले पक्राउ गरी घटनाको थप अनुसन्धान गरिरहेको पनि दूतावासले विज्ञप्तिमार्फत जानकारी गराएको छ। त्यस्तै, उत्तराखण्डको अन्य स्थानमा बन्दी बनाइएका, थप नेपाली युवाहरुको खोजी र उद्धार कार्य जारी रहेको छ। साथै उद्धार गरिएका व्यक्तिहरूलाई कानुनी प्रक्रिया पूरा गरेर नेपाल पठाइने पनि बताइएको छ।

# कल्याणपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### कल्याणपुर, सिरहा
मधेश प्रदेश, नेपाल

**Ready to eat nutrition food (तयारी पौष्टिक आहार खीर र खिचडी) को दररेट पेश गर्ने सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०८२।०३।०८**

कल्याणपुर नगरपालिका, सिरहामा चालू आ.व. २०८१/०८२ को प्रदेश सरकार विशेष अनुदान प्राप्त कार्यक्रम तर्फ गर्भवती तथा सुत्केरीका लागि तयारी पौष्टिक आहार (ready to eat nutrition food खीर र खिचडी) वितरण गर्नुपर्ने भएकाले सार्वजनिक खरिद नियमावली २०६४, को नियम ८५ को उपनियम १ (क) मा भएको व्यवस्था बमोजिम राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी बिक्री मूल्य तोकेको तयारी पौष्टिक आहार (Ready to eat nutrition food खीर र खिचडी) उत्पादन गर्ने नेपाली उत्पादक कम्पनीहरूलाई तपसिलमा उल्लिखित कागजातहरू संलग्न राखी यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस कार्यालयमा आइपुग्ने गरी प्रस्ताव पेश गर्नुहुन अनुरोध छ।

**तपसिल :**

- कम्पनी/उद्योग दर्ता प्रमाण पत्रको प्रतिलिपि।
- आ.व. २०८०/०८१ को कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि।
- सूचना प्रकाशन गरी बिक्री मूल्य तोकेको राष्ट्रिय स्तरको समाचार पत्रको सक्कल प्रति।
- प्रस्तावित तयारी पौष्टिक आहार ready to eat nutrition food खीर र खिचडीको नमूना।
- तयारी पौष्टिक आहार (खीर र खिचडी) खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागबाट गुणस्तर परीक्षण गरी जारी गरिएको गुणस्तर प्रमाण पत्रको प्रमाणित प्रतिलिपि तथा ISO, HACCO, GMP certified भएको प्रमाणित प्रतिलिपि।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम (३ख) बमोजिम त्यस्तो उत्पादकले आफ्नो उत्पादनको खुद्रा तथा डिलर बिक्री मूल्य सूची राष्ट्रिय स्तरको समाचार पत्रमा प्रकाशन गरेको तथा त्यस्तो उत्पादकले स्थानीय डिलरलाई दिए सरहको छुट सहितको दररेट उल्लेख भएको हुनुपर्नेछ।
- यस सूचनामा उल्लेख नभएका कुराहरू सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४, र अन्य प्रचलित नियम कानुन अनुसार हुनेछ।
- यस सम्बन्धी थप अन्य कुरा बुझ्न आवश्यक परेमा यस कार्यालयमा कार्यालय समयभित्र सम्पर्क गर्न सकिनेछ।

**प्रमुख प्रशासकीय अधिकृत**


# झडपमा घाइतेको संख्या १० पुग्यो, सात जना पक्राउ



**जनार्जन खत्री**

सर्लाही, ७ असार। सर्लाहीको बरहथवा नगरपालिका–४, खैरा टेलमा शनिबार बाटो विस्तारको विषयलाई लिएर भएको झडपमा दुई प्रहरीसहित १० जना घाइते भएका छन्। झडप रोक्न प्रहरीले एक राउन्ड हवाई फायर समेत गरेको छ। जिल्ला प्रहरी कार्यालय सर्लाहीका अनुसार झडप नियन्त्रणमा लिनेक्रममा इलाका प्रहरी कार्यालय बरहथवामा कार्यरत प्रहरी निरीक्षक (इन्स्पेक्टर) दीवाकर गणेश र वरिष्ठ हवलदार प्रमेश्वर राय यादव घाइते भएका छन्।

यस्तै झडपमा संलग्न सोही ठाउँका ५० वर्षका टीकाबहादुर कार्की, ५२ वर्षका कुलबहादुर कार्की, ४२ वर्षीय रमेश महतो कोहरी, उहाँकी श्रीमती ३८ वर्षीया इन्दु देवी, रमेशकै छोराहरू २८ वर्षीय अनिल कुशवाहा र २६ वर्षीय प्रदीपकुमार कुशवाहा, ३५ वर्षीय उमेश महतो र बरहथवा नगरपालिका–१४, का ३५ वर्षीय सञ्जय कुशवाहा घाइते भएका प्रहरीले जनाएको छ।

घाइतेमध्ये इन्स्पेक्टर दीवाकर गणेश र बरहथवा–१४, का सञ्जय कुशवाहा प्राथमिक उपचारपछि डिस्चार्ज भइसकेका छन्। कुलबहादुर कार्की र टीकाबहादुर कार्कीलाई थप उपचारका लागि काठमाडौँ रेफर गरिएको छ। प्रहरी हवलदार प्रमेश्वर राय यादवको नगर अस्पताल बरहथवा र अन्य पाँच जना घाइतेको बलरा नगरपालिकास्थित प्राथमिक स्वास्थ्य केन्द्र अचलगढमा उपचार भइरहेको प्रहरीले जनाएको छ। घटनाको विषयमा सोधपुछ गर्न भन्दै बरहथवा ४ का पूर्व वडाध्यक्ष ४० वर्षीय लखेन्द्र महतो, २४ वर्षीय शिशिर कार्की, ४२ वर्षीया रीता कटुवाल, बलरा नगरपालिका–८, बस्ने ३१ वर्षीय रञ्जित महतो, २२ वर्षीय सन्तोषकुमार कुशवाहा, २५ वर्षीय अभिषेक महतो र २५ वर्षीय अरविन्दकुमार साहलाई इलाका प्रहरी कार्यालय बरहथवाले नियन्त्रणमा लिएको छ। खैरा टेलमा बाटो विस्तार गरेर ढलान भइरहँदा केहीदिन अघिदेखि नै विवाद चल्दै आएको थियो।

आफ्नो जग्गा बढी मिचिएको भन्दै गएको बिहीबार एक जना महिला ढलान भइरहेको सडकमा आएर लम्पसार परेर सुत्नुभएको थियो। ति महिलालाई केही पुरुष र महिला मिलेर लछारपछार पारेर पन्छाएका थिए। सोही दिनदेखि बढ्दै गएको विवाद शनिबार बिहान भने झडपमा परिणत भएको हो। झडपमा दुवै पक्षले एक अर्काविरुद्ध बाँसका भाठा र ढुङ्गा प्रहार गरेको भिडियो सामाजिक सञ्जालमा भाइरल बनिरहेको छ।

जिल्ला प्रहरी कार्यालय सर्लाहीका निमित्त प्रवक्ता एवं प्रहरी निरीक्षक बालिष्टर सिंहले प्रहरी घटनास्थलमै तैनाथ रहेकाले थप अप्रिय घटना हुन नपाएको जानकारी दिनुभयो। एक राउन्ड हवाई फायर गरेपछि भीड तितरबितर बनेको प्रहरी निरीक्षक सिंहले बताउनुभएको छ। घटनास्थलमा ठुलो संख्यामा नेपाल प्रहरी र सशस्त्र प्रहरी तैनाथ गरिएको छ। बरहथवा नगरपालिका–४, का वडाध्यक्ष कृष्णकुमार साहले प्रहरीको आग्रह अनुसार शनिबार ढलानको काम स्थगित गरिएको अवस्थामा एक्कासी झडप भएको बताउनुभयो।

वडाध्यक्ष साहले बाहिरका मानिस आएर झडप गरेकाले घटनाको छानबिन गर्न माग गर्नुभएको छ। खैरा टेलमा १११ मिटर सडक ढलान गर्न बरहथवा ४ को वडा कार्यालयले सात लाख रुपियाँ बजेट विनियोजन गरेको छ।

## सिरहाको सामुदायिक...

फिल्टर, हरित गृह, मानवको मुटुको रक्त शुद्ध अशुद्ध देखाउने सिस्टम, लगायतका नमूनाले सहभागी तथा दर्शकहरूको ध्यान आकर्षण गरेका थिए। कार्यक्रमको प्रमुख अतिथि लहान नगरपालिका वडा नं–१२ का वडा अध्यक्ष बद्री नारायण चौधरीले 'विज्ञान तथा कला प्रदर्शनी' को उद्घाटन गर्दै भने, 'यस किसिमका प्रदर्शनीले विद्यार्थीमा वैज्ञानिक सोच विकास गर्न मद्दत गर्छ। सरकारी विद्यालयका विद्यार्थीहरूमा रहेको प्रतिभालाई उजागर गर्न यस्तो कार्यक्रम प्रभावकारी हुने विश्वास लिएको छु।' जिल्लाको शैक्षिक इतिहासमा एक नयाँ अध्याय थप्दै सिरहामा पहिलो पटक सरकारी विद्यालय विद्यार्थीहरूको विज्ञान तथा कला प्रदर्शनी सफलतापूर्वक सम्पन्न भएको छ।

विद्यार्थीहरूले प्राकृतिक स्रोत, वातावरण संरक्षण, स्थानीय समस्या समाधान, सरल यन्त्र निर्माण, नवीनतम प्रविधि र स्वास्थ्य जस्ता विषयमा आधारित आकर्षक प्रोजेक्टहरू प्रस्तुत गरे। केही उल्लेखनीय प्रदर्शनहरूमा सौर्य उर्जाबाट सिँचाइ प्रणाली, प्लास्टिक अपशिष्टबाट निर्माण सामग्री, स्थानीय जैविक विविधताको डिजिटल अभिलेख, रोग निदानका साधन र सामुदायिक स्वच्छतासम्बन्धी अभिनव मोडेलहरू समावेश थिए।

कार्यक्रमका संयोजक माध्यमिक विद्यालय पडरियाका युवा प्रधानाध्यापक मनोज कुमार यादवका अनुसार यस प्रदर्शनीको मुख्य उद्देश्य विद्यार्थीमा वैज्ञानिक सोच, अनुसन्धान क्षमता र प्रयोगात्मक ज्ञानको विकास गर्नु र सरकारी विद्यालयहरूमा पनि उच्चस्तरीय विज्ञान शिक्षा सम्भव छ भन्ने प्रमाणित गर्नु रहेको छ। उनले भने, 'यो हाम्रो पहिलो प्रयास हो, तर विद्यार्थीहरूको उत्साहले यसलाई वार्षिक कार्यक्रम बनाउने हामी प्रेरित भएका छौं।'

'यसले हाम्रा विद्यार्थीमा आत्मविश्वास र टीम वर्क बढाउन मद्दत गर्यो। स्रोत सीमित भए तापनि उनीहरूले गरेका आविष्कारहरू गौरव गर्न योग्य छन्।' यस 'ऐतिहासिक' आयोजनालाई सरकारी विद्यालयमा गुणस्तरीय शिक्षा र व्यावहारिक ज्ञान विकासको सकारात्मक संकेतको रूपमा सराहना गर्दै विद्यार्थीहरूको सृजनशीलतालाई 'अभूतपूर्व' र 'प्रेरणादायी' रहेको एक अभिभावकले बताए। एक सहभागी विद्यार्थीका अनुसार सैद्धान्तिक पढाइभन्दा फरक यसरी हातेसँग प्रयोग गर्न पाउँदा विज्ञानको रमाइलो लागेको जिकिर गरिन यसको सफलतापछि विद्यालय प्रशासनले आगामी वर्षदेखि यसलाई ठूलो रूपमा आयोजना गर्ने लक्ष्य राखेको छ। सिरहाको पहिलो सरकारी विद्यालयको विज्ञान प्रदर्शनीले केवल विद्यार्थीहरूको वैज्ञानिक प्रतिभा मात्र होइन, तर सामुदायिक सहयोग र शिक्षकहरूको समर्पणलाई पनि उजागर गरेको छ। यसले सरकारी शिक्षण संस्थाको गुणस्तर र व्यावहारिक शिक्षणप्रतिको बढ्दो पहलको रूपमा ऐतिहासिक महत्त्व राख्छ।

अतिथिका रुपमा वडा सदस्य महेश्वर सिंह, विद्यालय व्यवस्थापन समितिका सदस्य रामकुमार चौधरी, नारायण पासमान, अभिभावक, शिक्षक– शिक्षिका, विद्यार्थीहरू समेतको उपस्थितिमा कार्यक्रम सम्पन्न भएको छ। कार्यक्रममा विभिन्न कक्षा र सदनका विद्यार्थी गरि जम्मा २२ वटा स्टल रहेका थिए। कार्यक्रममा सहभागी अतिथिहरूले विद्यार्थीहरूको प्रतिभालाई मुक्त कण्ठले प्रशंसा समेत गरेका थिए।

# करेन्ट लागेर युवकको मृत्यु

रौतहट, ७ असार। रौतहटमा करेन्ट लागेर एक युवकको मृत्यु भएको छ। जिल्लाको फतुवा विजयपुर नगरपालिकामा गएराति आफ्नै खेतमा पानी तान्ने मेसिनबाट करेन्ट लाग्दा रामदासी गाउँका २२ वर्षीय सावल कुशवाहाको मृत्यु भएको हो।

उनको करेन्ट लागेर मृत्यु भएको इलाका प्रहरी कार्यालय विजयपुरका प्रमुख इन्स्पेक्टर सुरेन्द्र प्रसाद यादवले जानकारी दिए। शुक्रबार राति आफ्नै खेतमा पानी तान्न उनले विद्युत् पोलबाट तार जडान गर्ने प्रयास गर्दा करेन्ट लागेको थियो। उनको घटना स्थलमै मृत्यु भएको इन्स्पेक्टर यादवले जानकारी दिएका छन्।

मृतकको शव पोस्टमार्टमका लागि प्राथमिक स्वास्थ्य केन्द्र चन्द्रनिगाहपुर पठाइएको प्रहरीले जानकारी दिएको छ। घटनाको थप अनुसन्धान भइरहेको इलाका प्रहरी कार्यालय विजयपुरले जनाएको छ।

# पाँच करोड सत्तरी लाख राजस्व संकलन

सप्तरी, ७ असार। राजविराज भन्सार कार्यालयले २०८१ साउनदेखि २०८२ जेठ मसान्तसम्म ११ महिनामा पाँच करोड ७० लाख २९ हजार राजस्व संकलन गरेको छ। आर्थिक वर्ष २०८१/८२ मा आठ करोड ८१ लाख ७९ हजार राजस्व संकलन गर्ने लक्ष्य भए पनि जेठसम्म ६४ प्रतिशत मात्र राजस्व संकलन भएको राजविराज भन्सार कार्यालयको तथ्यांकले देखाएको छ। आव २०८०/८१ मा यस कार्यालयले छ करोड ५० लाख ३४ हजार राजस्व संकलन गर्ने लक्ष्य रहेकोमा आठ करोड सात लाख ४७ हजार अर्थात् १२४.१६ प्रतिशत राजस्व संकलन गरेको कार्यालयका भन्सार अधिकृत सत्यनारायण सिंहले बताउनुभयो।

बढ्दो भन्सार छल्ने प्रवृत्ति र खुला सीमानाकाका कारण यस पटक लक्ष्य अनुसार राजस्व संकलन हुन नसकेको उहाँले बताउनुभयो। केही साना गाडीबाहेक ठुला गाडी र सामान लिएर व्यापारी भन्सार तिर्न नआउने गरेको र मिलेमतो र चोरबाटोबाट सामान पास गर्ने प्रवृत्तिका कारण प्रयास गर्दागर्दै पनि लक्ष्य अनुसार राजस्व सङ्कलन गर्न नसकेको उहाँको भनाइ छ। उहाँले भन्नुभयो, "सीमामा कडाइ गर्ने र सबैले इमानदारीपूर्वक राजस्व तिरे भने अर्बौं राजस्व सङ्कलन गर्न सक्ने जिल्ला सप्तरी हो। राजस्व सङ्कलनका लागि सबै सरोकारवाला निकायको साथ र सहयोग आवश्यक हुन्छ।"




चालु आवमा सशस्त्र प्रहरीमार्फत २६३, नेपाल प्रहरीमार्फत ५३ तथा भन्सार कार्यालयमार्फत आएको ९२ गरी जम्मा ४०८ मुद्दामा यस कार्यालयमार्फत प्रक्रिया पुर्‍याएर ३१३ मुद्दा फैसला गरिएको उहाँले जानकारी दिनुभयो। कर्मचारी अभावमा पनि काम गर्न कठिनाइ भएको उहाँको भनाइ छ। कार्यालयमा अधिकृत एक, सुब्बा आठ, लेखापाल एक, कम्प्युटर अपरेटर एक, सवारीचालक एक र कार्यालय सहयोगी १० जनाको दरबन्दी रहेकामा अधिकृत एक, सुब्बा तीन, लेखापाल एक, कार्यालय सहयोगी दुई, कम्प्युटर अपरेटर दुई र सवारीचालक एक जना कार्यरत छन्।

कर्मचारी अभावकै कारण सुब्बाको नेतृत्वमा रहेको छोटी भन्सार कार्यालय सहयोगीको भर पर्नु परेको उहाँले बताउनुभयो। उहाँले भन्नुभयो, "सुब्बा नभएको ठाउँमा कार्यालय सहयोगीलाई पठाउनुपर्ने बाध्यता छ।"

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक/सम्पादक** : कमलेश कुमार यादव, **सह-सम्पादक** : सत्य नारायण चौधरी, **प्रवन्धक** : नविन यादब, कानुनी सल्लाहाकार :कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय** : गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail* : mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)